# कुशे गाउँपालिका

## आर्थिक ऐन २०८३

नेपालको संविधान को भाग १८ धारा २२६ (१) अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ ले दिएको अधिकार बमोजिम जारी गरिएको

प्रमाणिकरण मिति:
२०८३/०३/२७
प्रमाणित गर्नेको,
नाम थर: हरिचन्द्र बस्नेत
पद: गाउँपालिका अध्यक्ष
हस्ताक्षर:

गाउँसभाबाट पारित मिति:२०८३/०३/२७

कुशे गाउँपालिका, थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

# <u>कुशे गाउँपालिकाको आर्थिक ऐन, २०८३</u>

## कुशे गाउँपालिकाले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना :** कुशे गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८  को उपधारा (२) बमोजिम कुशे गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षि स नाम र प्रारम्भः**(१) यस ऐनको नाम "कुशे गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि कुशे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गाडी, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी कर :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूची (११)मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **खानी तथा खनिज शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासी लागि सिफारिस र दर्ता एव निकासी परिमाणमा अनुसूची (१३) मा उल्लिखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असूल गरिनेछ । तर संघ तथा प्रदेश कानूनसँग बाझिने गरी लगाइने र असूल गरिने छैन ।

१५. **सहकारी दर्ता शुल्कः**गाउँपालिकामा दर्ता हुन आउने सहकारीलाई अनुसूचि (१४) मा उल्लेखित दरमा दर्ता शुल्क लगाईनेछ ।

१६. **व्यक्तिगत फर्म दर्ता र नविकरण शुल्कः** यस गाउँपालिकाको क्षेत्राधिकार भित्र व्यक्तिगत फर्म दर्ता गर्न आउने र सोको नविकरणको लागि अनुसूची (१५) मा उल्लेख गरे बमोजिमको शुल्क लगाईनेछ।

१७. **समूह दर्ता र नविकरण शुल्कः** गाउँपालिकाको क्षेत्राधिकार भित्र दर्ता गर्न आउने समूह तथा त्यसको नविकरणको लागि अनुसूची (१६) मा उल्लेख गरे बमोजिमको शुल्क लगाईनेछ ।

१८. **व्यवसाय दर्ता शुल्कः** यस गाउँपालिकाको क्षेत्राधिकार भित्र व्यवसाय दर्ता गर्न आउने व्यवसायमा अनुसूची (१७) मा उल्लेखित शुल्क लगाईनेछ ।

१९. **योजना दर्ता/भुक्तानी सिफारिस शुल्कः** यस गाउँपालिकामा सञ्चालित योजनाहरुको भुक्तानीको लागि गरिने सिफारिसमा अनुसूची (१८) मा उल्लेखित दस्तुर लगाईनेछ ।

२०. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२१. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

२२. **अन्य व्यवस्थाः** यो ऐनमा व्यबस्था भए बमोजिम बाहेकको अन्य सेवा र सुबिधाको करको दायरा निर्धारण गर्नु परेमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची (१)
## (दफा २ सँग सम्बन्धित)

**(क) घर जग्गाको मुल्याङ्कन**

कुशे गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रको घर जग्गाहरुमा देहाय बमोजिम घर जग्गा न्यूनतम मुल्याङ्कन कायम गरि सम्पत्ति कर असूल गर्नेछ ।

### घर मुल्याङ्कन दर

| क्र.स. | घरको न्युनतम मुल्याङ्कन | प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| १ | इट्टाको देवाल लगाइ ढलान गरेको घर | ८००। | |
| २ | पिल्लर लगाई ढलान गरेको घर | १५००। | |
| ३ | फलामको ट्रष्ट लगाई बनाएको घर | ५००। | |
| **वर्ग फिटमा उल्लेख गर्न नसक्ने घरको हकमा** | | | |
| क | कच्ची घर | ३ लाख | |
| ख | एक तले पक्की घर | १० लाख | |

### जग्गाको मुल्याङ्कन दर

| क्र.स. | जग्गा मुल्य | प्रति रोपनी | कैफियत |
|---|---|---|---|
| १ | ग्राभेल सडकले छोएको जग्गा | रु ४ लाख | सबै खालको |
| २ | कच्ची सडकले छोएको जग्गा | रु २ लाख | सबै खालको |
| ३ | बाटोले नछोएको कित्ताको खेती योग्य जग्गा | रु ५०हजार | सबै खालको |
| ४ | नदि, खोला, बगर, कटान हुन सक्ने बाटोले नछोएको कित्ताको जग्गा | रु ३० हजार | सबै खालको |

**(ख) सम्पत्ति कर**

**कुशे गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले सम्पत्ति कर निम्न दररेट भित्र रही लागू गरि असूल उपर गर्ने छ ।**

| क्र.स. | देखि (न्यूनतम) | सम्म (अधिकतम) | कर निर्धारण दर | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १,००,००० | १०० | |
| २ | १,००,००१ | २,५०,००० | १२५ | |
| ३ | २,५०,००१ | ४,००,००० | १५० | |
| ४ | ४,००,००१ | ६,००,००० | १७५ | |
| ५ | ६,००,००१ | ८,००,००० | २०० | |
| ६ | ८,००,००१ | १०,००,००० | २५० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | १०,००,००१ | १२,५०,००० | ३०० | |
| ८ | १२,५०,००१ | १५,००,००० | ३५० | |
| ९ | १५,००,००१ | १७,५०,००० | ४०० | |
| १० | १७,५०,००१ | २०,००,००० | ४५० | |
| ११ | २०,००,००१ | २२,००,००० | ५०० | |
| १२ | २२,००,००१ | २४,००,००० | ६०० | |
| १३ | २४,००,००१ | २६,००,००० | ७०० | |
| १४ | २६,००,००१ | २८,००,००० | ८०० | |
| १५ | २८,००,००१ | ३०,००,००० | ९०० | |
| १६ | ३०,००,००१ | ३२,५०,००० | १२०० | |
| १७ | ३२,५०,००१ | ३५,००,००० | १४५० | |
| १८ | ३५,००,००१ | ३७,५०,००० | १७०० | |
| १९ | ३७,५०,००१ | ४०,००,००० | १९५० | |
| २० | ४०,००,००१ | ४२,५०,००० | २२०० | |
| २१ | ४२,५०,००१ | ४५,००,००० | २४५० | |
| २२ | ४५,००,००१ | ४७,५०,००० | २७५० | |
| २३ | ४७,५०,००१ | ५०,००,००० | ३००० | |
| २४ | ५०,००,००१ | ६०,००,००० | ३५०० | |
| २५ | ६०,००,००१ | ७०,००,००० | ५००० | |
| २६ | ७०,००,००१ | ८०,००,००० | ६५०० | |
| २७ | ८०,००,००१ | ९०,००,००० | ८००० | |
| ३० | ९०,००,००१ | १००,००,००० | १०००० | |
| ३१ | १००,००,००१ | १२०,००,००० | १२००० | |
| ३२ | १२०,००,००१ | १४०,००,००० | १४००० | |
| ३३ | १४०,००,००१ | १६०,००,००० | १६००० | |
| ३४ | १६०,००,००१ | १८०,००,००० | १८००० | |
| ३५ | १८०,००,००१ | २००,००,००० | २०००० | |
| ३६ | २००,००,००१ | २५०,००,००० | २५००० | |
| ३७ | २५०,००,००१ | ३००,०००,००० | ३०००० | |
| ३८ | ३००,०००,००१ | ३५०,०००,००० | ३५००० | |
| ३९ | ३५०,०००,००१ | ४००,०००,००० | ४०००० | |
| ४० | ४००,०००,००१ | ४५०,०००,००० | ४५००० | |
| ४१ | ४५०,०००,००१ | ५००,०००,००० | ५०००० | |
| ४२ | ५००,०००,००० | **माथि** | **रु २ प्रति हजार** | |

## अनुसूची (२)

## (दफा ३ सँग सम्बन्धित)

### भूमि (मालपोत कर) करको दर रेट

| क.स. | विवरण | करको दर | जरिवाना |
|---|---|---|---|
| १ | राजमार्ग आसपास | प्रति रोपनी रु २० | वार्षिक ३० प्रतिशत |
| २ | बाटुल्ले र पाँचकाटिया बजार | प्रति रोपनी रु १५ | |
| ३ | सडक पहुँच भएको | प्रति रोपनी रु १५ | |
| गाउँपालिकाको अन्य जग्गामा | | | |
| क.स. | विवरण | करको दर | कैफियत |
| १ | अब्बल | प्रति रोपनी रु १५ | वार्षिक ३० प्रतिशत |
| २ | दोयम | प्रति रोपनी रु १२ | |
| ३ | सिम | प्रति रोपनी रु १० | |
| ४ | चाहार | प्रति रोपनी रु ८ | |

सम्पत्ति कर लागू भए पछि छुट्टै (मालपोत) भूमि कर उठाइने छैन । सम्पत्ति कर लागु हुन अगाडिको बाँकी मालपोत (भूमि कर) साविकमा उल्लेख भएको दररेटमा नियमानुसार शुल्कको ३० प्रतिशत वार्षिक जरिवाना लिई असुल उपर गरिने छ ।

## अनुसूची (३)

## (दफा ४ सँग सम्बन्धित)

| क.स. | विवरण | कायम करका दर | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी (बहाल कर) | १० प्रतिशतले हुन आउने रकम | |

कुशे गाउँपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयं घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । निर्धारण गरेको दरमा गाउँपालिकाले १० प्रतिशत घर बहाल कर एवं अन्य बहाल कर उठाउने छ ।

## अनुसूची (४)

## (दफा ५ सँग सम्बन्धित)

### व्यवसाय करको दर

| क.सं. | व्यवसायको किसिम | प्रस्तावित कर रकम | कैफियत |
|---|---|---|---|
| १ | **ऐनमा उल्लेख नभएका व्यवसाय कर** | | |
| | १० लाख मुनि पूँजी भएका | ३००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजीभएका | ५००० | |
| | २० लाख देखि ५० हजार सम्म पूँजीभएका | ७००० | |
| | ५० हजार देखि १ करोड सम्म पुँजीभएका | १०००० | |

| | | | |
|---|---|---|---|
| | १ करोड भन्दा बढी पूँजी भएका | १५००० | |
| क.सं. | **व्यवसायको किसिम** | प्रस्तावित दर रू. | कैफियत |
| १ | खुद्रा साना पसल (घुम्ती) | ५०० | |
| २ | मिठाई पसल | ५०० | |
| ३ | तरकारी तथा फलफुल | ५०० | |
| ४ | तरकारी मण्डी | ३००० | |
| ५ | **होटल तथा साना व्यवसाय** | | |
| | १० लाख मुनि पूँजी भएका | ४००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजीभएका | ६००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजीभएका | ८००० | |
| | ५० हजार देखि १ करोड सम्म पुँजीभएका | १०००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | १५००० | |
| ६ | पेट्रोल, मट्टीतेल र डिजेल विक्री पसल | १०००० | |
| १० | **चुरोट तथा सुर्तिजन्य व्यवसाय** | | |
| | क. (फुटकर विक्रेता) गापा क्षेत्रभित्र काउन्टर मात्र भएका ५ लाख मुनि सम्मको पूँजी भएका | १००० | |
| | ख (उप शाखा) गा.पा. क्षेत्रभित्र उपशाखा भएका २० लाख सम्म पूँजी भएका | २५०० | |
| | ग (शाखा कार्यालय) गा.पा. क्षेत्रभित्र शाखा कार्यालय भएका २० लाख भन्दा बढी पूँजी भएका | ३५०० | |
| ११ | **कोल्ड स्टोर्स** | | |
| | ५ लाख सम्म पूँजी भएका | १००० | |
| | ५ लाख देखि १० लाख सम्म पूँजी भएका | १५०० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | २००० | |
| | २० लाख दखि ५० लाख सम्म पूँजी भएका | २५०० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ३००० | |
| | एक करोड भन्दा बढी पूँजी भएका | ४००० | |
| १२ | **काचो कपडा तथा फेन्सी कपडा पसल** | | |
| | १० लाख सम्म पूँजी भएका | २००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ३००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ४००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ५००० | |
| | एक करोड भन्दा बढी पूँजी भएका | ७००० | |

| | | | |
|---|---|---|---|
| १३ | **मसाज तथा श्रृंगार पसल** | | |
| | १० लाख भन्दा कम पूँजी भएका | १५०० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | २००० | |
| | २० लाख भन्दा बढी पूँजी भएका | २५०० | |
| १४ | **किराना तथा खाध्यान्न पसल फूटकर** | | |
| | ५ लाख भन्दा कम पूँजी भएका | १००० | |
| | ५ लाख देखि १० लाख सम्म पूँजी भएका | २००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ३००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ४००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ५००० | |
| | एक करोड भन्दा बढी पूँजी भएका | ६००० | |
| १५ | **किराना तथा खाध्यान्न पसल होलसेल** | | |
| | २० लाख सम्म पूँजी भएको | ५००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएको | ७००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएको | ९००० | |
| | एक करोड भन्दा बढी पूँजी भएको | ११००० | |
| १६ | **भाँडा पसल** | | |
| | १० लाख सम्म पूँजी भएका | २५०० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ३००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ३५०० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ४००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ४५०० | |
| १७ | ग्याँस डिलर | २५०० | |
| १८ | **वन पैदावारमा आधारित उध्योग** | | |
| | १० लाख सम्म पूँजी भएका | ३००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ४००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ५००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ६००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ८००० | |
| १९ | कुटानी पिसानी मिल | १००० | |
| २१ | छाला जुत्ता बनाउने तथा विक्रि गर्ने पसल | १००० | |
| २२ | एग्रोभेट | ७०० | |

| | | | |
|---|---|---|---|
| २३ | रसायनिक मल सप्लायर्स | २००० | |
| २६ | ग्यारेज (मोटरसाईकल तथा गाडी) | ३००० | |
| २८ | विध्युत सामाग्री विक्री पसल | १००० | |
| २९ | मोबाइल विक्री तथा मर्मत पसल | २००० | |
| ३० | होलसेल मोबाइल विक्रेता | ४००० | |
| ३१ | **ग्रिल उद्योग** | | |
| | १० लाख सम्म पूँजी भएका | ३००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ५००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ७००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | १०००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | १५००० | |
| ३२ | **हार्डवेयर पसल** | | |
| | १० लाख सम्म पूँजी भएका | ३००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ४००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ५००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजीभएका | ६००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ७००० | |
| ३३ | **काष्ठ तथा फर्निचर उद्योग** | | |
| | १० लाख सम्म पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ७००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ९००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ११००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | १३००० | |
| ३५ | औषधि पसल (आयुर्वेद सहित) | ३००० | |
| ३८ | माछा मासु विक्रि पसल | ७०० | |
| ३९ | दुध डेरी पसल | ८०० | |
| ४० | हजाम पसल (हेयर कटिङ) | १००० | |
| ४१ | **टेलर्स सिलाई पसल** | | |
| | क २ सम्म सिलाई मेशिन | १००० | |
| | ख ५ सम्म सिलाई मेशिन | २००० | |
| | ग ५ भन्दा बढी सिलाई मेशिन | २५०० | |
| | घ कपडा सहितको पसल | ३००० | |
| ४२ | छापाखाना | ३००० | |

| | | | |
|---|---|---|---|
| ४३ | फोटो स्टुडियो | १००० | |
| ४४ | आर्ट पसल/ डिजिटल आर्ट | २००० | |
| ४५ | फोटोकपी, फ्याक्स, लेमिनेशन पसल | ५०० | |
| ४९ | कम्प्युटर इन्सिच्युट | ३००० | |
| ५० | कोचिंग तथा ट्युसन सेन्टर | २००० | |
| ५३ | घुमन्ते व्यवसाय (गोदाम भएको) | ३००० | |
| ५४ | घुमन्ते व्यवसाय (गोदाम नभएको) | २००० | |
| ५५ | **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र** | | |
| | क. नया दर्ता | २५००० | |
| | ख. नविकरण (समय सिमा भित्र | ८००० | |
| | ग. नविकरण (समय सिमा बाहेक ३ महिनाभित्र) | ४००० | |
| | घ. नविकरण (समय सिमा बाहेक ३ महिना पछि) | ८००० | |
| | ङ. दा.खा.नामसारी हकवाला बाहेकलाई | १५००० | |
| | च. दा.खा. नामसारी एकाघरका परिवारमा | ५००० | |
| | छ. इजाजतपत्रको प्रतिलिपी | १००० | |
| | ज. ठाउँसारी गरी आउने | ५००० | |
| | झ. ठाउँसारी गरी जाने | ५००० | |
| ५६ | **लेखा परीक्षण व्यवसाय** | | |
| | क श्रेणीका रजिष्टर्ड | ४००० | |
| | ख श्रेणीका रजिष्टर्ड | ३००० | |
| | ग श्रेणीका रजिष्टर्ड | २००० | |
| | घ श्रेणीका रजिष्टर्ड | ३००० | |
| ५७ | स्टेश्नरी तथा बुक पसल | २५०० | |
| ५८ | **सुनचाँदी पसल** | | |
| | १० लाख सम्म पूँजी भएका | २००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ३००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ४००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | ५००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | ६००० | |
| | एक करोड भन्दा बढी पूँजी भएका | ७००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ५००० | |
| ५९ | **इन्टरलक बलक उद्योग** | | |
| | २० लाख सम्म पूँजी भएको | ५००० | |

| | | | |
|---|---|---|---|
| | २० लाख देखी ५० लाख सम्म पूँजी भएको | ७००० | |
| | ५० लाख देखी १ करोड सम्म पूँजी भएको | ८००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | १०००० | |
| ६० | **पोल्टी, कुखुरा, दाना, चल्ला सप्लायर्स** | | |
| | २० लाख सम्म पूँजी भएको | ५००० | |
| | २० लाख देखी ५० लाख सम्म पूँजी भएको | ७००० | |
| | ५० लाख देखी १ करोड सम्म पूँजी भएको | ९००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ११००० | |
| ६१ | **कन्सल्टेन्सी** | | |
| | १० लाख सम्म पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ७००० | |
| | २० लाख देखि ५० लाख सम्म पूँजी भएका | १०००० | |
| | ५० लाख देखि १ करोड सम्म पूँजी भएका | २०००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | ३०००० | |
| ६२ | सामाजिक तथा प्राविधिक परामर्श केन्द्र | ४००० | |
| ६३ | विज्ञापन एजेन्सी | १००० | |
| ६४ | **घट्ट कर** | | |
| | क १२ महिना चल्ने | २०० | |
| | ख ९ महिना चल्ने | १०० | |
| | ग ६ महिना चल्ने | ७५ | |
| | घ ३ महिना चल्ने | ५० | |
| ६५ | इन्टरनेट सेवा प्रदायक व्यवसाय | ५००० | |
| ६६ | संस्थागत विद्यालय बार्षिक प्रतिकक्षा (बोर्डिङ स्कुल) | १५०० | |
| ६७ | खाजा घर | १००० | |
| ६८ | चिया पसल | १००० | |
| ६९ | विद्युतीय सामाग्री बेचविखन तथा वाईरिङ | ३००० | |
| ७० | सुकुटी पसल | १००० | |

## अनुसूची (५)

## (दफा ६ सँग सम्बन्धित)

**जडिबुटी सम्बन्धि कर**

| क्र सं | विवरण | कायम कारका दर | कैफियत | क्र सं | विवरण | कायम करका | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | (प्रति केजी रु ) | | | | दर (प्रति केजी रु ) | |
|---|---|---|---|---|---|---|---|
| १ | यार्सा गुम्बा | १५००० | | २४ | भुल्ते / जटामसी | ३० | |
| २ | कठे च्याउ | १० | | २५ | विकजरा | १० | |
| ३ | चुके लट्टी | ५ | | २६ | सुगन्ध | ५ | |
| ४ | लुठो | ५ | | २७ | सिल्पाउरी | २ | |
| ५ | समयो | ५ | | २८ | सतुवा | ५० | |
| ६ | काउलो | २ | | २९ | कुरिल्लो | ५ | |
| ७ | बोजो | ५ | | ३० | ओखर | २ | |
| ८ | टिमुर | ५ | | ३१ | रातो च्याउ | ५० | |
| ९ | ढुटेलो | ५ | | ३२ | तारे झ्याउ | ५ | |
| १० | सेतो चिनी | २० | | ३३ | भुतकेस जडामार | १० | |
| ११ | सर्प गन्ध | ५ | | ३४ | ठेप्नी कालादाना | ५ | |
| १२ | खोटोप्रति टिन | २० | | ३५ | भिरमौरी मह | १० | |
| १३ | गुच्चिच्याउ | १०० | | ३६ | तेजपात | २ | |
| १४ | लोक्ता | ५ | | ३७ | अतिस | २० | |
| १५ | रिटा | २ | | ३८ | चुत्रा | २ | |
| १६ | सहरा | २ | | ३९ | चिराइतो | १० | |
| १७ | लहरे पात | १० | | ४० | बिलाउनी दाना | १० | |
| १८ | अमला | २ | | ४१ | मकै/भटमासर/दलहन | २/२/२ | |
| १९ | झरो | २ | | ४२ | सुन्तला / कागति | २ | |
| २० | वन कपुर | २ | | ४३ | अदुवा | १ | |
| २१ | अल्लो धागो | ५० | | ४४ | लसुन | २ | |
| २२ | सिस्नो / निउरो | २ | | ४५ | वेसार | २ | |
| २३ | आलु | १ | | ४६ | किवी | ५ | |
| | | | | ४७ | पिना | १ | |

**कवाडी मालसामानः**

| | |
|---|---|
| क. (फलाम प्रति के.जी.) | १ |

| | |
|---|---|
| ख. अन्य धातु ( पित्तल, तामा) आदि प्रति के.जी. | २ |
| ग. थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | १ |
| घ. पोलिथिन पाइपका (टुक्राहरु) प्रति के.जी. | ५ |
| ङ. धुलो बाटुका (लिड, सिसा) प्रति के.जी. | ५ |
| च. काँचको धुलो र टुक्रा प्रति के.जी. | ५ |

| **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको (हाड, सिङ, प्वाँख, छाला)** | | | |
|---|---|---|---|
| १ | हाँस,कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी. | ५० | |
| २ | हाड प्रति के.जी./ सिं प्रति के.जी/खूर प्रति केजी | २५ | |
| ३ | हाँस कुखुरा जस्ता पशुपंछि निकासी (प्रतिकेजी) | १ | |
| ४ | छाला प्रति गोटा (ठूलो) | ५ | |
| ५ | छाला प्रति गोटा (सानो) | ३ | |

## अनुसूची (६)

## (दफा ७ सँग सम्बन्धित)

**विज्ञापन कर :**

| क सं | विवरण | २०८३ श्रावन १ पछिको दररेट |
|---|---|---|
| १ | **आफ्नो क्षेत्रमा प्रचार आदिका लागि राख्न दिने साइन बोर्डमा कर लाग्ने** | |
| क. | डिजिटल डिस्प्लेहरु प्रति वर्ग फुट | ५०० |
| ख. | पर्खाल वार भित्ता आदिमा आफ्नो संस्थाको रङ्ग पोत्ने आदिमा प्रति वर्ग फुट | ३०० |
| ग. | सार्वजनिक स्थान प्रतिक्षालयमा राख्ने विज्ञापन सामाग्रीमा प्रति वर्ग फुट | २०० |
| घ. | उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्ग फुट | २०० |
| ङ. | पोल व्यानर प्रति हप्ता प्रति व्यानर | २०० |
| च. | मोबाइल भ्यान गाडीबाट गरिने विज्ञापन व्यवसाय प्रति दिन | २०० |
| छ. | खेलकुद मैदानमा गरिने विज्ञापन | प्रति वर्ग फिट १०० |
| २ | **सवारी साधनमा गरिने विज्ञान** | |
| क. | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्ग फिट | ५० |
| ख. | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्ग फिट | ६० |
| ग. | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माइकिङ्ग प्रति दिन | २०० |
| घ. | अन्य जुनसुकै सवारी साधनको पछाडी भागमा राखिने कुनै प्रकारको | ५० |

| | | |
|---|---|---|
| | विज्ञापन सामाग्री प्रति फुट | |
| ३ | अनलाइन विज्ञापन प्रति घन्टा रु | १०० |
| ४ | एफ एम विज्ञापन प्राइम टाइम ६ एएम देखि ९ एएम, ६ पि एम देखि ९ पि एम प्रति मिनेट | १०% |
| ५ | सामान्य समय नर्मल समय प्रति मिनेट रु | १०% |

## अनुसूची (७)

## (दफा ८ सँग सम्बन्धित)

**मनोरन्जन कर :**

| क्र सं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | मेलामा पसल थापे वापत | ३०० | |
| २ | गाउँपालिका क्षेत्रमा पसल राखे वापत प्रति कोठा प्रति महिना | १०० | |
| ३ | गाउँपालिका क्षेत्रमा घुम्ती व्यापार प्रति महिना | २०० | |

## अनुसूची (८)

## (दफा ९ सँग सम्बन्धित)

**बहाल बिटौरी कर**

| क्र सं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | हाट बजारमा प्रति वर्ग फिट | ५ | |
| २ | बाटोको छेउको अस्थायी पसल प्रति पसल | १०० (मासिक) | |
| ३ | ऐलानी जग्गा व्यवसायिक कार्यका लागि प्रति कठ्ठा रु | १०० (मासिक) | |
| ४ | कृषि योग्य ऐलानी /प्रति / सार्वजनिक जग्गा : प्रति कठ्ठा रु | ५० (वार्षिक) | |
| ५ | घर बासमा प्रयोग भएको बढीमा २ कठ्ठा सम्मको रु | ३०० (वार्षिक) | |

## अनुसूची (९)
## (दफा १० सँग सम्बन्धित)

**पार्कीङ्ग शुल्कको दर :**

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाइको १५ प्रतिशत भन्दा बढी भाग नओगटिने गरी, भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रलाई ठेक्का लगाइ सवारी पार्कीङ्ग व्यवस्थापन गर्न सक्नेछ । गाउँपालिकाले पार्किङ्ग स्थल बनाइ व्यवस्था गरेमा गाउँसभाले तोके बमोजिम हुनेछ ।

## अनुसूची (१०)
## (दफा ११ सँग सम्बन्धित)

**ट्रेकिंग, बन्जी जम्पिङ्ग, जिप फ्लावर र र्‍याफ्टिङ्ग शुल्कः** यस सम्बन्धि व्यवस्था कुशे गाउँपालिका गाउँ कार्यपालिकाले तोके बमोजिम हुने छ ।

## अनुसूची (११)
## (दफा १२ सँग सम्बन्धित)

**सेवा शुल्क दस्तुर**

गाउँपालिकाले दिने सेवाको लागि निम्न बमोजिम सेवा शुल्क लगाउन सक्ने व्यवस्था गर्न सक्ने छ ।

| क्र सं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सामान्य सिफारिस | २०० | |
| २ | नागरिकता सिफारिस | १०० | |
| ३ | अंगीकृत नागरिकता सिफारिस | १५० | |
| ४ | विपन्न विद्यार्थी सिफारिस | निशुल्क | |
| ५ | अपाङ्गता सिफारिस | निशुल्क | |
| ६ | छात्रवृत्ती सिफारिस | १०० | |
| ७ | सर्जमिन मुचुल्का | ५०० | |
| ८ | जग्गा खरिद विक्री सिफारिस | ५०० | |
| ९ | व्यवसाय दर्ता सिफारिस | ५०० | |
| १० | व्यवसाय नामसारी सिफारिस | ५०० | |
| ११ | व्यवसाय बन्द सिफारिस | ५०० | |
| १२ | व्यवसाय सञ्चालन नभएको सिफारिस | २०० | जति वर्ष भए पनि |
| १३ | घर नक्सा पास सिफारिस | ५०० | |
| १४ | घर कायम सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| १५ | चार किल्ला प्रमाणित (प्रति घडेरी) | ४०० | |
| १६ | चार किल्ला प्रमाणित (खेति योग्य जमिन) | २०० | |
| १७ | घर बाटो नभएको प्रमाणित | २०० | |
| १८ | नाता प्रमाणित | १०० | |
| १९ | जन्मदर्ता शुल्क (३५ दिन नाघेको) | २०० | |
| २२ | मृत्युदर्ता शुल्क (३५ दिन नाघेको) | २०० | |
| २३ | विवाह दर्ता शुल्क (३५ दिन नाघेको) | २०० | |
| २४ | अंग्रेजीमा सिफारिस वा प्रमाणित दस्तुर | ५०० | |
| २५ | जन्म /मृत्यु/ विवाह/ अविवाहित प्रमाणित | १०० | मृत्यु प्रमाणीत निशुल्क |
| २६ | पञ्जीकरण प्रतिलिपी | ७०० | |
| २७ | नागरिकता प्रतिलिपी सिफारिस | २०० | |
| २८ | नाम, थर,जन्ममिति संशोधन सिफारिस | २०० | |
| २९ | खानेपानी, विद्युत, टेलिफोन, जडान तथा नामसारी (आवासिय / कृषि) | ५०० | |
| ३० | खानेपानी, विद्युत, टेलिफोन, जडान तथा नामसारी व्यावसायिक | ७०० | |
| ३० | ट्रेस नक्सा निर्माण तथा प्रमाणित एक कित्ता माग भएमा | २०० | |
| ३१ | ट्रेस नक्सा एक कित्ता भन्दा बढी माग भएमा प्रति कित्ता थप | ५० | |
| ३२ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्था) | ५०० | |
| ३३ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्था) | १००० | |
| ३४ | औद्योगिक प्रयोजनको लागि ठुलो सर्जमिन दस्तुर | २००० | |
| ३५ | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ८०० | |
| ३६ | व्यवसायिक प्रयोजनको लागि ठुलो सर्जमिन | ८०० | |
| ३७ | व्यवसायिक प्रयोजनको लागि सानो सर्जमिन | ५०० | |
| ३८ | स्थायी ठेगाना प्रमाणित सिफारिस | २०० | |
| ३९ | न्यायिक मिलापत्र दस्तुर | ५०० | |
| ४१ | जग्गा दर्ता सिफारिस प्रति रोपनी (घडेरी भएमा न्यूनतम एक रोपनीको) | १०० | |
| ४२ | जग्गा दर्ता सिफारिस प्रति रोपनी  (खेति योग्य भएमा न्यूनतम एक रोपनीको) | ५०० | |
| ४३ | राजिनामा / बकसपत्र सिफारिस | ५०० | |
| ४४ | जग्गा सिमा विवादमा सिमाङकन सेवा शुल्क | २०० | |
| ४५ | फिल्ड रेखाङ्कन पहिलो कित्ता | २००० | |

| | | | |
|---|---|---|---|
| ४६ | फिल्ड रेखाङ्कन थप प्रतिकित्ता | १००० | |
| ४७ | कार्य अनुभव  सिफारिस पत्र | ५०० | |
| ४८ | नयाँ संस्था दर्ता सिफारिस | २०० | |
| ४९ | व्यवसाय नवीकरण सिफारिस | १०० | |
| ५० | आय स्रोतको प्रमाणित सिफारिस | ०।१० प्रतिशत | |
| ५१ | निजी विद्यालय अपग्रेड सिफारिस | १००० | |
| | आधारभुत विद्यालय सम्मको | १५०० | |
| | मा वि सम्मको लागि | २००० | |
| | प्राथमिक विद्यालय दर्ता सिफारिस | १००० | |
| ५२ | उद्योग स्थापना सिफारिस | ५०० | |
| ५३ | उद्योग सिफारिस नामसारी तथा ठाउँसारी सिफारिस | ५०० | |
| ५४ | पशु वस्तु (राँगा, भैंसी, गोरू) को निकासी सिफारिस प्रतिगोटा | २०० | |
| ५५ | खसी, बाख्रा, भेडा, बोकाथुमा निकासी प्रति गोटा | ५० | |
| ५७ | कृषि तथा पशुपन्छी फर्म दर्ता सिफारिस | २०० | |
| ५८ | विपन्न आर्थिक अवस्था सिफारिस | निशुल्क | |
| ५९ | आर्थिक अवस्था सिफारिस | ५०० | |
| ६३ | कृषि कार्यका लागि गरिने सिफारिस | २०० | |
| ६४ | नक्सा पास निवेदन दस्तुर | ५०० | |
| ६८ | अनुमति वा कक्षा थपका लागि निवेदन दस्तुर | ५०० | |
| ६९ | बालबिकास वा पूर्व प्राथमिक कक्षा अनुमति | २००० | |
| ७० | आधारभुत तह प्राथमिक कक्षा अनुमति | २५०० | |
| ७१ | आधारभुत तह निमावि अनुमति | ३००० | |
| ७२ | माध्यामिक तह कक्षा ९ र १० अनुमति | ४००० | |
| ७३ | माध्यामिक तह कक्षा ११ र १२ अनुमति | ८००० | |
| ७४ | बालविकास वा पूर्व प्राथमिक कक्षाको ठाउँसारी | २५०० | |
| ७५ | प्राथमिक कक्षाको ठाउँसारी | ४००० | |
| ७८ | आधारभूत निमावी विद्यालय तह ठाउँसारी | ५००० | |
| ७९ | माध्यामिक तह ठाउँसारी | १०००० | |
| ८० | भौतिक सुधारका लागि प्रदेश तथा संघीय सरकार र अन्य निकायलाई सिफारिस दस्तुर | ५०० | |
| ८१ | पालिका भित्र पारस्परिक सरुवा बालविकास सिक्षकका लागि सहमति | २०० | |
| ८२ | पालिका भित्र पारस्परिक सरुवा प्राथमिक शिक्षकका लागि सहमति | ५०० | |

| | | | |
|---|---|---|---|
| ८३ | पालिका भित्र पारस्परिक सरुवा निमावि शिक्षकका लागि सहमति | ७०० | |
| ८४ | पालिका भित्र पारस्परिक सरुवा माध्यामिक शिक्षकका लागि सहमति | १००० | |
| ८५ | जिल्ला स्तर सरुवा प्राथमिक शिक्षकका लागि सहमति | १००० | |
| ८६ | जिल्ला स्तर सरुवा निमावि शिक्षकका लागि सहमति | १५०० | |
| ८७ | जिल्ला स्तर सरुवा माध्यामिक शिक्षकका लागि सहमति | २००० | |
| ८८ | कक्षा ८ को परिक्षार्थिको रजिष्ट्रेशन र परीक्षा फाराम दस्तुर प्रति विद्यार्थी | निःशुल्क | |
| ८९ | संस्थागत विद्यालयका विद्यार्थीहरुको लागि कक्षा ८ का परीक्षा शुल्क | ५०० | |
| ९० | मार्कसिट प्रतिलिपि | ५०० | |
| ९१ | लेखा परीक्षक नियुक्तिका लागि दस्तुर | १००० | |
| ९२ | गुठीको विधान दर्ता शुल्क | २००० | |
| ९३ | शैक्षिक तथ्याङ्क अद्यावधिक नगर्ने विद्यालय जरीवाना | २००० | |
| ९४ | विद्यालयको नाम जग्गा नामसारी रजिष्ट्रेशनको लागि मालपोतलाई सिफारिस | ५०० | |
| ९५ | पाठ्य पुस्तक डिपो सिफारिस दस्तुर | १५०० | |
| ९६ | न्यायिक समिति निवेदन दस्तुर | १०० | |
| ९७ | नक्सा पासका लागि सुचिकृत कन्सल्टेन्सी दस्तुर | ३००० | |
| ९८ | लेनदेन बैना बट्टाको कागज प्रमाणित दस्तुर | ५०० | |
| ९९ | घर अभिलेखिकरण | ५ | एक वर्ग फिट |
| १०२ | जिवित रहेको सिफारिस | १०० | |
| १०३ | जग्गा मुल्याङ्कन सिफारिस | २०० | |
| १०४ | अदालत शुल्क मिनाह सिफारिस | १०० | |
| १०७ | व्यापार ठाउसारी सिफारिस | ५०० | |
| १०९ | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| ११० | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| १११ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | |
| ११२ | मन्जुरीनामा सिफारिस | १०० | |
| ११३ | संरक्षक प्रमाणित | १०० | |
| ११४ | हकदार प्रमाणित | १०० | |
| ११५ | जग्गा रेखाङ्कन सम्बन्धि रोहवरमा बस्ने सिफारिस | २०० | |
| ११६ | पुर्जा घर कायम गर्ने सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ११७ | मिलापत्र कागज गराउने | २०० | |
| ११८ | भवन निर्माण स्वीकृत मापदण्ड भित्र रहेतापनि नक्सा स्वीकृत नलिइ निर्माण भई सकेको भवनको नक्सा स्वीकृत गर्न परेमा प्रति वर्ग फुट | ५ | |
| ११९ | भवन नक्सा नामसारी प्रति वर्गफुट | ५ | |
| १२० | खानेपानी मुहान दर्ता शुल्क | १००० | |
| १२१ | घट्ट दर्ता शुल्क (वार्षिक रुपमा चल्ने) | ५०० | |
| १२२ | घट्ट दर्ता शुल्क (६ महिना चल्ने) | २५० | |
| १२३ | उद्योग खारेजी सिफारिस | २००० | |
| १२४ | पशुपन्छी उपचार सेवा शुल्क | | |
| | गाई र भैंसि प्रतिगोटा | १० | |
| | भेडा बाख्रा र खरायो प्रतिगोटा | ५ | |
| | संगुर बंगुर प्रतिगोटा | ५ | |
| | कुकर विरालो प्रतिगोटा | २५ | |
| | घोडा खच्चर प्रतिगोटा | ५० | |
| | कुखुरा र अन्य पन्छी प्रतिगोटा | १ | |
| | बोका थुमा प्रतिगोटा | ५ | |
| | बहर राँगा प्रतिगोटा | १० | |
| १२५ | प्रयोगशाला सेवा शुल्क | | |
| | गोबर परीक्षण प्रतिगोटा | १० | |
| | पिसाब परीक्षण प्रतिगोटा | १० | |
| | थुनेलो परीक्षण प्रतिगोटा | १० | |
| | छाला परीक्षण प्रतिगोटा | १० | |
| | रगत परीक्षण प्रतिगोटा | २५ | |
| | पन्छीपोष्ट मार्टम प्रतिगोटा | १० | |
| | गाई भैसि पोष्टमार्टम प्रतिगोटा | २०० | |
| | कुकुर विरालो पोष्टमार्टम प्रतिगोटा | १०० | |
| | भेडा बाख्रा बंगुर पोष्टमार्टम प्रतिगोटा | १५० | |
| १२६ | पशुबन्धयाकरण सेवा | | |
| | बोका र थुमा प्रतिगोटा | १० | |
| | बहर र राँगा प्रतिगोटा | २० | |
| | घोडा र कुकुर प्रतिगोटा | ५० | |
| १२७ | कृत्रिम गर्भाधान सेवा प्रति डोज | | |
| | गाई भैसी भेडा र बाख्रा | १०० | |
| १२८ | खस आर्य प्रमाणित सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| १२९ | प्राविधिक शिक्षालय अनुमति | १०००० | |
| १३० | पिछडिएको क्षेत्रको सिफारिस दस्तुर | २०० | |

**अनुसूची (१२)**

**(दफा १३ सँग सम्बन्धित)**

**पर्यटन शुल्क :**

| क्र सं | विवरण | दर (रुपैया) | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटन प्रवेश शुल्क | ०।० | |
| २ | बाह्य पर्यटक (सार्क राष्ट भित्र) प्रवेश शुल्क | २०० | |
| ३ | बाह्य पर्यटन (सार्क राष्ट बाहिर) प्रवेश शुल्क | ५०० | |
| ४ | शैक्षिक भ्रमण (विद्यार्थिहरुको लागि) | ०।० | |

**अनुसूची (१३)**

**(दफा १४ सँग सम्बन्धित)**

**खानी तथा खनिज शुल्क :**

| क्र.स. | विवरण | कायम करका दर रु | कैफियत |
|---|---|---|---|
| १ | काइनाइट खानी खोज तलासको सिफारिस | १०,०००। | |
| २ | काइनाइट खानी उत्खननको सिफारिस | २५,०००। | |
| ३ | काइनाइट निकासी प्रति किलोग्राम | १,०००। | |
| ४ | तुर्मालिन खानी खोज तलासको सिफारिस | ८,०००। | |
| ५ | तुर्मालिन खानी उत्खननको सिफारिस | २०,०००। | |
| ६ | तुर्मालिन निकासी प्रति किलोग्राम | १००। | |
| ७ | सिलेट खोज तलासको सिफारिस | ५००। | |
| ८ | सिलेट उत्खननको सिफारिस | ५०००। | |
| ९ | सिलेट (घर छाउने) प्रति सिलेट | २। | |
| १० | ढुङ्गा खानीबाट ढुङ्गा निकासी प्रति चट्टा (१/१) | २०। | |
| ११ | गिट्टी बालुवा खानी उत्खनन स्वीकृत | ५००० | |
| १० | गिट्टी बालुवा खानीबाट बालुवा निकासी | प्रति बोरा रु २ | |
| ११ | क्रसर उद्योग संचालन अनुमति | ३५०००। | |
| १२ | क्रसर  उद्योग कर | वार्षिक रु ५०,०००। | |

## अनुसूची (१४)
## (दफा १५ सँग सम्बन्धित)

**सहकारी दर्ता शुल्क :**

| क्र सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहकारी दर्ता शुल्क | रु २५००। | |

## अनुसूची (१५)
## (दफा १६ सँग सम्बन्धित)

**व्यक्तिगत फर्म दर्ता र नवीकरण शुल्क (कृषी फर्म तर्फ)**

| क्र सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत फर्म दर्ता शुल्क | रु २५००। | महिलाको नाममा भए २० प्रतिशत छुट |
| २ | व्यक्तिगत फर्म नवीकरण शुल्क | रु १०००। | समय सिमा भित्र नविकरण नगरेमा प्रत्यक महिना नविकरण रकमको १० प्रतिशतका दरले जरिवाना लाग्ने छ । |

**व्यक्तिगत फर्म दर्ता र नवीकरण शुल्क (उद्योग र वाणिज्य तर्फ)**

| क्र सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत फर्म दर्ता शुल्क | रु २५००। | |
| २ | व्यक्तिगत फर्म नवीकरण शुल्क | रु १००० प्रति वर्ष | समय सिमाभित्र नविकरण गरेमा प्रति वर्ष थप रु १००० जरिवाना लाग्ने छ । |

## अनुसूची (१६)

(दफा १७ सँग सम्बन्धित)

**समूह दर्ता र नवीकरण शुल्क :**

| क सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | समूह दर्ता शुल्क | रु १०००। | |
| २ | समूह नवीकरण | रु ५००। | |

## अनुसूची (१७)

(दफा १८ सँग सम्बन्धित)

**व्यवसाय दर्ता शुल्क**

| क सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता शुल्क | रु २५००। | |

## अनुसूची (१८)

(दफा १९ सँग सम्बन्धित)

गाउँसभाबाट स्वीकृत भई कार्यान्वयन हुने आयोजना संचालन गर्न गठित उपभोक्ता समितिहरुले गाउँपालिकामा दर्ता तथा भुक्तानी गर्न लाग्ने शुल्क ।

**योजना दर्ता/ भुक्तानी वापत शुल्क**

१. कुल लागत रु ३ लाख सम्मको आयोजना रु ५००।
२. खण्ड (१) भन्दा बढी लागत भई रु ८ लाख सम्मको लागत आयोजना रु १०००।
३. खण्ड (२) भन्दा बढी लागत भई रू १५ लाख सम्मको लागत आयोजना रु १५००।
४. खण्ड (३) भन्दा बढी लागत भई रु २५ लाख सम्मको लागत आयोजना रु २०००।
५. खण्ड (४) भन्दा बढी लागत भई रु ४० लाख सम्मको लागत आयोजना रु २५००।
६. खण्ड (५) भन्दा बढी लागत भई रु ६० लाख सम्मको लागत आयोजना रु ३०००।
७. खण्ड (६) भन्दा बढी लागत भएका आयोजना रु ३५००।